फोन : ४-२४४०४७

त्रिभुवन विश्वविद्यालय

त्रि-चन्द्र बहुमुखी क्याम्पस

(स्थापित १९७५ वि.सं.)

क्याम्पस प्रमुखको कार्यालय
सरस्वती सदन, काठमाडौं ।

पत्र संख्या:-

मिति: २०७८।०३।०८

## Online Library (e-Library) तालिम सम्बन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID – 19 रोगको दोश्रो लहरको प्रकोपका कारण उत्पन्न विषम परिस्थितिमा प्रभावित भएका यस क्याम्पसका शैक्षिक तथा प्रशासनिक कार्यहरू Online माध्यमबाट सञ्चालन भैरहेको भएता पनि प्राध्यापनरत प्राध्यापकहरू, अध्ययनरत विद्यार्थीहरू तथा कार्यरत कर्मचारीहरु भौतिक रूपमा यस क्याम्पसको पुस्तकालयमा गई आफूलाई आवश्यक पर्ने पाठ्य सामाग्री, पाठ्यपुस्तक, जर्नल, म्यागाजिन, अनुसन्धान सम्बन्धी प्रतिवेदन तथा अन्य रुचिकर पाठ्य सामाग्रीहरूको उपयोग गर्ने सुविधाबाट वञ्चित हुनु परेको सम्बन्धित सबैमा सर्वविदितै छ । उल्लेखित वर्तमान् परिस्थितिमा Online library (e-Library) को विशेष महत्व भएकोले सोको भरपुर उपयोग गर्ने अभिप्रायले पहिलो चरणमा यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरू तथा कार्यरत कर्मचारीहरूलाई त्रि.वि. केन्द्रीय पुस्तकालयबाट Zoom meeting मार्फत Online library (e-Library) सम्बन्धी Orientation तालिम देहायको मिति तथा समयमा सञ्चालन हुने सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै उक्त कार्यक्रमको Zoom ID, Password र Link सबै प्राध्यापक तथा कर्मचारीहरूको आधिकारिक इमेलमा पठाइने व्यहोरा पनि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

मिति : २०७८।०३।१२ गते (26th June 2021) शनिवार
समय : साँझ ५:०० बजे देखि ७:०० बजे सम्म

थप जानकारीका लागि: बच्चुराम वाग्ले (पुस्तकालय प्रमुख) मोबाइल नं. ९८४१३९३०४२

सहायक क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस

जनकराज ढुगाना
सूचना अधिकारी
तथा
सहायक क्याम्पस प्रमुख